**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बोदेबरसाईन नगरपालिका सप्तरी

# स्थानीय राजपत्र


खण्डः ५ संख्याः १ मितिः२०७८

**भाग-२**

बोदेबरसाईन नगरपालिका

कार्यपालिका निर्यण मिति २०७८/०९/०९

राजपत्र प्रकशित मितिः२०७८/०९/१२


## बोदेबर्साइन नगरपालिकाको कृषि तथा पशुपालन ब्यवसायको लागि अनुदान वितरण कार्यविधि २०७८

आज्ञाले,

नामः घनश्याम यादव

प्रमुख प्रशासकीय अधिकृत

# बोदेबर्साइन नगरपालिकाको कृषि तथा पशुपालन ब्यवसायको लागि अनुदान वितरण कार्यविधि २०७८

प्रस्तावना — कृषि तथा पशुपालन पेशा प्रति किसानहरुलाई प्रोत्साहीत एवं उत्प्रेरीत बनाई उद्यमशील बनाउनका लागि लागानीमत्रै वातावरणको सृजना गरी व्यवसायको उत्थान तथा संरक्षण गर्न लागमा अधारीत व्यवसायीहरुलाई सहयोग प्रदान गर्ने जिम्मेबारी स्थानीय सरकारको समेत भएकोले उक्त शिर्षकमा विनियोजन भएको रकम खर्च गर्न वान्छनिय भएको हुँदा बोदेबर्साइन नगरपालिकाको कृषि तथा पशुपालन ब्यवसायको लागि अनुदान वितरण कार्यविधि २०७८ कार्यपालिकामा स्वीकृतिका लागि पेश गरिएको हो ।

**१ संक्षिप्त नाम र प्रारम्भ**

१ यस कार्यविधिको नाम बोदेबर्साइन नगरपालिकाको कृषि तथा पशुपालन ब्यवसायको लागि अनुदान वितरण कार्यविधि, २०७८ रहेको छ ।

२ यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुने छ ।

**२ परिभाषा- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-**

क. अनुदान भन्नाले यस नगरपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारी करण, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने नगद सहुलियत सम्झनु पर्छ ।

ख. अनुदानग्राही भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषि विकास सँग सम्बन्धित समिति र कृषि व्यवसायि सम्झनु पर्छ ।

ग. कृषि व्यवसाय भन्नले कृषि पशुपन्छी, मत्सस्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण, मूल्यअभिबृद्धि एवं औद्योगिकीकरण गर्नेलाई समेत बुझिन्छ ।

घ. कार्यक्रम भन्नाले बोदेबर्साइन नगरपालिकाको नगर सभा वा कार्यपालिकाबाट स्वीकृत एवं सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धि कार्यक्रम सम्झनु पर्छ ।

ङ. कार्यालय भन्नाले बोदेबर्साइन नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

**३ अनुदान उपलब्ध गराउन सक्ने-**

बोदेबर्साइ नगरपालिकाको बार्षिक बजेट तथा स्वीकृत कायक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**४ अनुदानको सूचना र अनुदानग्राहीको छनौट-**

१ अनुदान सम्बन्धि कार्यक्रम संचालन गर्न कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकत्म कृषकहरु तथा ब्यक्तिगत कृषि फर्महरु सम्म सूचनाको पहुँच पुग्ने गरी खाम शिलबन्दि आर्थिक तथा प्राविधिक प्रस्ताव मागको लागि कम्तिमा १५ दिनको सूचना प्रकाशन प्रसारण गर्नु पर्नेछ ।

२ उप दफा १ बामोजिम प्राप्त प्रस्ताव छानविन गरी छनौटका लागि कार्यालयले छनौट समितिमा पठाउनु पर्नेछ । छनौट समिति यस कार्यविधिले तोके बमोजिम हुनेछ ।

३ उप दफा ख बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार पशु विकास शाख प्रमुखले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

**५ अनुदान रकमको सीमा-**

१ कार्यालयबाट उपलब्ध गराइने अनुदान रकम कूल लागतको पच्चहत्तर प्रतिशत भन्दा बढी हुने छैन ।

२ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद वा प्रचलित कानूनमा तोकिएको लक्षित समूहका लागि सरकारी संस्था आफैले वा गैह्र सरकारी संघसंस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रमको हकमा यो कार्यविधि लागु हुनेछैन ।

३ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागु हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यान्वयनमा रहेका परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराइनेछ ।

**६ अनुदान रकमको निर्धारण-**

कार्यालयले छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ ।

**७ अनुदान ग्राही सँग सम्झौता गर्नु पर्ने-**

१ कार्यालयले अनुदान ग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ ।

२ उपदफा १ बमोजिम कार्यालयले अनुदानग्राहीसँग सम्झौता गर्दा अनुदानग्राहीले आफ्नो तर्फबाट लगानी गर्न प्रस्तावित रकम नगदै वा ऋण लिई लगानी गर्ने भए ऋण स्वीकृत भएको वा हुने निश्चित भएको बैङ्कको प्रतिबद्धतापत्र पेश गर्नु पर्नेछ ।

३ उपदफा १ बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नु पर्ने समय, कार्य सम्पन्न गर्नु पर्ने समय, आवधिक रुपमा कार्य सम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

**८ अनुदान भुक्तानी प्रक्रिया-**

१ कार्यालयले अनुदानग्राहीलाई देहाय बमोजिम अनुदान भुक्तानी गर्नेछ-

क अनुदानग्राहीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लगानी अनुपात बमोजिमको अनुदान,

ख खण्ड क बमोजिम भुक्तानी गर्दा दुई किस्तामा भुक्तानी गर्ने र पहिलो किस्ता भुक्तानी माग गर्दा कूल लागतको न्यूनतम पच्चस प्रतिशत कार्य सम्पन्न भएमा,

ग अनुदानग्राहीले शतप्रतिशत कार्य सम्पन्न गरेको कार्य प्रगति प्रमाणीकरणका आधारमा कार्यालयसँग सम्झौता भएको अनुदान रकमको बाँकी रकम दोश्रो किस्तामा भुक्तानी गर्नु पर्नेछ ।

२ उपदफा १ मा जुनसुकै कुरा लखिएको भए तापनि यो कार्यविधि लागु हुनु अघि सम्झौता भइसकेको परियोजनाको हकमा सोही बमोजिम हुनेछ ।

३ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीले चाहेमा शत प्रतिशत कार्य सम्पन्न गरेपश्चात अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

४ कार्यालयले सम्बन्धित अनुदानग्राहीको बैंक खातामा रकम जम्मा गरिदिनेछ ।

५ यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदानग्राहीबाट कार्य सम्पन्न प्रतिवेदन र कार्यसम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन प्राप्त नभई अनुदानको अन्तिम किस्ता भुक्तानी हुनेछैन ।

६ बहुवर्षिय कार्य-योजना/परियोजना एवं कार्यक्रमको हकमा कार्य सम्पन्नको प्रतिवेदन हेरी सालवासाली बजेट तर्जुमा हुने व्यवस्था हुनेछ ।

७ प्रतिफलको आधारमा दिइने अनुदान रकम समूह संस्था सहकारीलाई अधिकतम पचहत्तर प्रतिशत अनुदान दिइनेछ ।

**९ बीमा गर्नु पर्ने-** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको कृषि व्यवसायको बीमा गर्नु पर्नेछ ।

**१० विवरण प्रकाशन गर्नु पर्ने-** कार्यालयले अनुदानग्राही छनौटको विवरण आफ्नो वेबसाइट तथा सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ।

**११ असुल उपर गर्नु पर्ने-**

१ कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिन भएमा सम्बन्धित पक्षबा६ सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

२ उसुल उपर हुन नसकेमा कार्यालयले सरकारी श्रोतको दुरुपयोगका सम्बन्धमा आवश्यक छानवीनका लागि सम्बन्धित निकारयमा लेखि पठाउनेछ ।

**१२ संघीय सरकार वा प्रदेश सरकारबाट हस्तान्तरण हुने कार्यक्रम-**

संघीय सरकारको सशर्त अनुदानबाट प्राप्त कार्यक्रमहरु तथा प्रदेश सरकारबाट प्राप्त कार्यक्रमहरु संघीय सरकारबाट स्वीकृत कार्यविधि तथा प्रदेश सरकारबाट स्वीकृत कार्यविधि अनुसार नै सञ्चालन हुनेछन् ।

**१३ अनुदानग्राही छनौट समिति-**

नगर प्रमुखको अध्यक्षतामा निम्न बमोजिमको अनुदानग्राही छनौट समिति रहनेछन-

क नगर प्रमुख ............................................................................अध्यक्ष

ख कार्यपालिका सदस्य २ जना ...................................................... सदस्य

ग प्रमुख, कृषि विकास शाखा ....................................................... सदस्य

घ प्रमुख पशु सेवा शाखा ............................................................ सदस्य सचिव

**१४ अनुगमन तथा मूल्याङकन समिति**

नगर प्रमुखको संयोजकत्व निम्न बमोजिम अनुगमन समिति रहनेछ-

क नगर प्रमुख ............................................................................ संयोजक

ख कार्यपालिका सदस्य २ जना ...................................................... सदस्य

ग प्रमुख, कृषि विकास शाखा ........................................................ सदस्य

घ प्रमुख, पशु सेवा शाखा ............................................................ सदस्य

ङ प्रमुख, योजना अनुगमन तथा प्रशासन शाखा .................................. सदस्य सचिव

अनुगमन समितिको सिफारिसमा मात्र अनुदान अनुपातको रकम निकास हुनेछ

**१५ दोहोरो सुविधा लिन नपाउने-**

अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ वर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

**१६ अनुदानग्राही जिम्मेबार हुने-**

कुनै विषेश कारणवश वा काबू बाहिरको परिस्थिति परि सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा अनुदानग्रही स्वयं जिम्मेवार हुनेछ ।

१७ अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्ने-

कुनै काररणवस प्रतलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवस छनौट समिति वा अनुगमन मूल्याङकन समितिले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पुरा भुक्तानी नदिन सक्ने सम्मको कारवाही हुनेछ ।

१८ प्रचलित कानून बमोजिम हुने-

प्रचलित कानूनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

कार्यविधिको दफा ६ सँग सम्बन्धित

अनुदान ग्राहीको छनौट को अधारहरु

१ बाखा फर्मको क्षेत्रफल कम्तिमा १५ कठ्ठा हुनु पर्नेछ।

२ बाखा चरणको ब्यवस्था कम्तिमा ५ कठ्ठा अनिवार्य हुनुपर्नेछ।

३ बाखाहरुको वीमा अनिवार्य गरेको हुनुपर्नेछ ।

४ ब्यक्तिगत/समूहिक फर्महरुको नाममा खाता सहित घरेलु तथा प्यानमा अनिवार्य दर्ता गरेको हुनुपर्नेछ।

५ जग्गा आफ्नो स्वामित्वमा भएको भए जग्गाको प्रमाण पत्र आफ्नो स्वामीत्वमा नभएको भए कम्तिमा ५ वर्षको लीजको सम्झौता

६ फर्मको दर्ता भएको कम्तिमा १ वर्ष पुरा गरेको हुनुपर्नेछ ।

७ पशु सेवा शाखा तथा कृषि विकास शाखाले तोकेको अन्य मापदण्डहरु ।

अनुसूची २

सम्झौताको नमूना

बोदेबर्साइन नगरपालिकाको कृषि तथा पशुपालन व्यवसायको लागि अनुदान वितरण कार्याविधि, २०७८ तथा अनुदानग्राही छनौट समितिको मिति ..................... को निर्णय बमोजिम

.....................................................अन्तर्गत .................................................................

कृषि फर्म / समूह दोश्रोपक्ष र बोदेबर्साइन नगरपालिका नगरकार्यपालिकाको कार्यालय प्रथम पक्ष बीच देहाय बमोजिम शर्त पालना गर्ने गरी यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं ।

१ सम्झौता गर्ने पक्ष र अनुदानग्राही

क. .......................... कृषि फर्म/कृषक समूहको तर्फबाट सम्झौता गर्ने अधिकारिक प्रतिनिधि-

1. नाम- ...........................
2. प्रतिनिधित्व गर्ने व्यवसायिक फर्मको नाम-......................
3. ठेगाना- .........................

ख. फर्मको स्थलको विवरण-

1. नगरपालिका बोदेबर्साइन वडा नं. ........ गाउँ/टोल ................

ग. परियोजना कार्यान्वयन अवधि-

1. शुरु हुने मिति-
2. सम्पन्न हुने मिति-

२ परियोजना कार्यान्वयन कार्यान्वयन एकाइ अन्तर्गत सञ्चालन हुने क्रियाकलाप सम्बन्धि विवरण-

क. कार्यक्रमको नाम-

ख. कार्यक्रमको किसिम-

ग. कार्यक्रमको कुल लागत रु........

४ सम्झौताका शर्तहरु

४.१ यो सम्झौता पत्र कृषि तथा पशुपालन ब्यवसाय संचालन गर्ने फर्म तथा कृषक समूहहरुको अनुदान अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्ने .................................. कृषि फर्म/कृषक समूह र बोदेबर्साइन नगरपालिका बीच ब्यवसाय गर्न अनुदान/सहयोग गर्ने प्रयोजनाको लागि प्रयोग गरिनेछ ।यस कृषि उद्यमी/कृषक समूह देहाय बमोजिम स्पेशिफिकेशन अनुसारको पूर्वाधर निर्माण/मेशिनरी उपकरण सामग्री खरिद एवं व्यवस्थापन गरिने छ ।

| क्र.सं. | मेशिन उपकरणको नाम | स्पेशिफिकेशन | मोडेल | संख्या |
|---|---|---|---|---|
| १ | | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

४.२ सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।

४.३ दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछी तत्काल काम शुरु गर्नु पर्नेछ ।

४.४ दोश्रो पक्षले यस परियोजना सञ्चालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको तोकिएको ………….. नगदै वा अन्य किसिमले साझेदारीको सुनिश्चित गर्नु पर्नेछ ।

४.५ दोश्रो पक्षले यसै परियोजनाको लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रूपमा परियोजना कार्यान्वयन इकाईलाई जानकारी गराउनु पर्नेछ ।

४.६ दोश्रो पक्षले परियोजना अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा कार्यालय वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

४.७ दोश्रो पक्षले परियोजना अन्तर्गत सञ्चालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्रभावित प्राविधिकबाट तयार गरि/गराइ प्रत्यक्ष लभान्वित कृषकहरुको बैठक निर्णयबाट अनुमोदन गराए पश्चात मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ । यसरी भुक्तानी पाउन दोश्रो पक्षले अनिवार्यरुपमा तोकिएको लागत साझैदारी प्रतिशत सहितको काम सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४.८ यस परियोजनाको निर्माण/मेशनरी उपकरण खरिद कर्य सम्झौता पत्रमा तोकिएको अवधि भित्र सम्पन्न गर्नुपर्नेछ ।

४.९ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भर्पाइ सहितको कार्य सम्पन्न प्रतिवेदन दोश्रो पक्षबाट प्राप्त भए पश्चात रु …………………… अक्षरेपी रु ………………………………………… मा नबढने गरि नियमानुसार कन्टिन्जेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरि दोश्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्झौता बमोजिमको पूर्वाधार निर्माणका लागि सामग्रि आपूर्तिकर्ता/मेशिनरी उपकरण आपूर्तिलाई सोझै भुक्तानी दिन सक्नेछ ।दोश्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा बिल बिजक पर्श गर्नु पर्नेछ ।

४.१० दोश्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नीक्सानी भएमा त्यसको सम्पूर्ण जिमेबारी सम्बन्धित ........................................................ कृषि फर्म/कृषक समूहको हुनेछ ।

४.११ दोश्रो पक्षले यो सम्झौता बमोजिम सम्पूर्ण कामकाबाही व्यवसायिक योजना, डिजाईन, इष्टिमेट अनुसार सम्पन्न गरि परियोजना सञ्चालनमा ल्याउनु पर्नेछ ।

४.१२ दोश्रो पक्षले परियोजनाको निर्माण कार्यमा लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिवेदन र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ ।

४.१३ दोश्रो पक्षले परियोजनाको निर्माण कार्य शुरु गर्नु भन्दा पूर्व परियोजना निर्माण कार्य सञ्चालन हुदै गरेको परियोजना सम्पन्न भैसकेपछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भर्पाईका साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

४.१४ दोश्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिइएको अनुदान रकम परियोजना निर्माण/मेशिनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचक्र्याइको कारणबाट परियोजनाबाट निर्माण गरिएका पूर्वाधारहरु/मेशिन उपकरणहरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानून बमोजिम दिइएको अनुदान रकम दोश्रो पक्षबाट असुल उपर गरिनेछ ।

४.१५ प्राविधिक वा कार्यालयबाट अनुगमनमा खटिएका कर्चारी तथा पदाधिकारीहरुलाइ दोश्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

४.१६ परियोजना सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्बन्धि कार्य दोश्रो पक्ष आफैले गर्नु पर्नेछ ।

४.१७ निर्माण कार्य अथवा यस सम्बन्धि दोश्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा प्रथम पक्ष अथवा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

४.१८ यो सम्झौतामा उल्लेखित कुराहरुको यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

४.१९ दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको भुक्तानी दिन प्रथम पक्ष बाध्य हुनेछैन ।
४.२० सम्झौताको सम्बन्धमा कुनै बिबाद उत्पन्न भएमा प्रचलित कानून अनुसार हुनेछ ।
४.२१ स्थानीय आवश्यक्ता अनुसार दुबै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ ।

४.२२ अन्य कुनै बुँदामा थपघट गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा गरिनेछ ।

४.२३ संलग्न फारामहरु

क. परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुदान

ख. परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समूह/ कृषकहरुको नामावली विवरण

४.२४ उपरोक्त बमोजिम कार्य गर्न मञ्जुर छौ भनी दस्तखत गर्ने

प्रथम पक्षको तर्फबाट

नाम थर- ............................

पद-..................

दस्तखत ................

मिति .................

साक्षीहरु

१ नाम..................

२ पद ................

दोश्रो पक्ष

नाम .........................

फर्मको नाम .............

ठेगाना ................................

दस्तखत ............................

छाप ..................................

साक्षी

1. नाम.............................................. हस्ताक्षर .............
2. नाम .............................................. हस्ताक्षर .........

४.२५ परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

| क.स. | परियोना क्रियाकलाप | इकाइ | प्रति इकाइ दर | कुल लागत | लागत व्यहोर्ने श्रोत | |
|---|---|---|---|---|---|---|
| | | | | | कार्यालय | फर्म/समूह |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची -३

निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू                                        मिति-.........................

बोदेबर्साइन नगरपालिका

बोदेबर्साइन

विषय- ............................ व्यवसायको लागि अनुदान पाउ बारे ।

महोदय,

प्रस्तुत बिषयमा यस पालिकाको मिति ............................ गतेको प्रकाशित सूचना अनुसार हामि तपशील बमोजिमका फर्म/ समूह उद्यमीहरु यस सप्तरी जिल्लाको बोदेबर्साइन नगरपालिका वडा नं. ..... भित्र कमाण्ड क्षेत्र रहने गरि साना व्यवसायिक कृषि उत्पादन स्थापना गरि संचालन गर्न इच्छुक भएकोले ............................................ व्यवसायको लागि अनुदान रकम उपलब्ध गराइ दिनुहुन यो निवेदन पेश गरेको छु ।

तपशील

| क्र.स. | फर्म/ कृषक समूह | ठेगाना | सम्परक नं | प्रोपराइटर | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची- ४

संक्षिप्त कार्ययोजना

१ संचालन गरीने क्रियाकलाप र लागत साझेदारीको विवरण

| क.सं | क्रियाकलाप | ईकाई | परिणाम | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु | स्थानीय तहको साझेदारी रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची -५

लागत प्रतिवद्धता पत्र

बोदेबर्साइन नगरपालिका मिति ..................... गतेमा दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न.पा. बोदेबर्साइन वडा नं. ..... टोल बाट श्री ........................................... फर्म/कृषि समूहको अध्यक्ष ............................................ ले साना व्यवसायिक कृषि

उत्पादन केन्द्र ……………………… फर्म/समूह संचालन गर्न इच्छुक भएकोले आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु …………………………को ………………………प्रतिशतले हुन आउने रु ………………… अक्षरेपी रु ……………… बराबरका लगानी आफनो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्न प्रतिवद्धता जाहेर गर्दछु ।

निवेदक-

दस्तखत —

नाम-

पद-

संस्था-

ठेगाना-

मिति-

संस्थाको छाप-

अनुसूची- ६

अनुगमन प्रतिवेदन

१ परियोजनाको नाम-

२ कार्यालयबाट अनगुमनमा खटीएको मिति

३ सम्झौता मिति

४ परियोजनाको विवरण-

१ जग्गा-

२ मेशिनरी औजार-

३ पशु संख्या

३ संरचना को विवरण-

५ प्रविधिक राय-

६ सम्पादिक कार्यको स्तर

७ भुक्तानी/ अनुदान निकासा दिन मुनाव देखिएको वा नदेखिएको राय

८ परियोजना सँग सम्बन्धित अन्य विवरण

९ अनुगमन समितिको दस्तखत

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |